IMPERIAL Business College
IMPERIAL BUSINESS COLLEGE
Affiliated to Pokhara University
ADMISSION
NOW OPEN
BHCM
Bachelor of Healthcare Management
(Hospital Management)
BBA
Bachelor of Business Administration
01-4438293, 01-4419306
Hattisar, Kamaladi, Kathmandu

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
prateekdaily.com

लागूऔषधको सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ। यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपूरणीय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखि टाढा रहने प्रयत्न गरौं।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७८ वैशाख १० गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 April 23 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३४

## कालिकाको काम पनि कमसल

प्रस, वीरगंज, ९ वैशाख/

एशियाली विकास बैंक (एडिबी) को सहयोगमा वीरगंज महानगरपालिकामा दुई चरणमा करीब ६ सय करोडको ठेक्का लिएर सडक, नाला, फूटपाथ निर्माण कार्य गर्दै आएको कालिका कन्स्ट्रक्शनको काम पनि कमसल देखिएको छ ।

पहिलो चरणमा सम्पन्न मझौला शहरी एकीकृत वातावरणीय सुधार आयोजना र अहिले क्षेत्रीय शहरी विकास परियोजना अन्तर्गतका योजनाहरूमा कालिकाले बाइपास, इनरबाइपास, रेलवे, सहायक बाइपास र महानगरपालिकाका विभिन्न वडामा सडक, फूटपाथ र नाला निर्माण गरेको र गर्दै आइरहेको छ ।

पहिलो चरणको कार्य सकेर महानगरपालिकालाई हस्तान्तरण गरिसकेको छ भने अहिले निर्माणाधीन दोस्रो चरणको काम पनि अन्तिम अवस्थामा छ । तर यसबीच पुरानो कार्य सम्पन्न भएका स्थानमा कमसल काम भएको कारण अहिले सडक, नाला भत्किएका छन् भने दोस्रो चरणको काममा पनि ठाउँ–ठाउँमा काम बाँकी रहेको र सम्पन्न भएका काममा पनि त्रुटि देखिएका छन् । कतै कालोपत्र उप्केको छ, कतै नाला भासिएको छ भने कतै फूटपाथ पनि भासिएको छ । सहायक बाइपासमा पहिलो चरणमा बनेका कालोपत्र सडक अधिकांश स्थानमा भत्किन थालेका छन् ।

गण्डक बहुअरीका अजय पटेलले दोस्रो चरणमा बनेको बाइपास सडकमा आज बिहान परेको सानो पानीले सडक जलमग्न बनाएको बताए । सामान्य वर्षामा यो हविगत छ भने ठूलो पानी पर्दा के हुन्छ ? उनले प्रश्न गरे । श्रीपुरटोलनजीक श्रीसिया नदीमा बनाएको सेफ्टी टयाङ्कीमा मुख्य नाला अहिलेसम्म जोडिएको छैन । सेफ्टी टयाङ्कीदेखि पूर्वतर्फ पाँच सय मिटर भूमिगत नालाको समेत निर्माण सम्पन्न भएको छैन । परियोजनाका इन्जिनीयर शैलेन्द्र श्रेष्ठले वीरगंज समथर ठाउँ भएकोले नालाको पानी तान्न समय लाग्ने बताए । उनले पहिलो चरणको काम सम्पन्न भएको र दोस्रो चरणको काम भइरहेकाले भत्के, बिग्रेका संरचनाहरू ठेकेदार कम्पनीले मर्मत गर्ने बताए ।


सडक, नाला र फूटपाथमा जमेको वर्षातको पानी । तस्वीरः प्रतीक

## वीरगंजमा १६६ जना सङ्क्रमित थपिए

प्रस, वीरगंज, ९ वैशाख/

नारायणी अस्पताल वीरगंजको प्रयोगशालाले बुधवार र बिहीवार राति गरी १६६ जना कोरोना सङ्क्रमित पुष्टि गरेको छ ।

दुई दिनमा ३३० जनाको स्वाब नमूनाको पिसिआर परीक्षण गर्दा १६६ जना सङ्क्रमित देखिएको अस्पतालका प्रवक्ता डा सरोजरोशन दासले बताए । बुधवार राति सङ्क्रमित पुष्टि हुनेमा उच्च अदालत वीरगंज इजलासका दुईजना न्यायाधीश र १२ जना कर्मचारी रहेका छन् ।

सङ्क्रमितमध्ये २४ जना महिला र ६४ जना पुरुष छन् । उनीहरू पर्साका ७९, बाराका ७ तथा रौतहट र रुकुमका १/१ जना रहेको अस्पतालका प्रवक्ता डा दासले बताए । पर्साका ७९ जना सङ्क्रमितमध्ये ७६ जना वीरगंज महानगरपालिकाका विभिन्न वडाका र तीनजना बहुदरमाई नगरपालिकाका छन् । उनीहरूको उमेर ४ देखि ७८ वर्षसम्म रहेको र सिटी भ्यालु १४ देखि ३४ सम्म रहेको प्रवक्ता डा दासले बताए ।

यसैगरी, बिहीवार राति पर्साका ५७, बाराका १८, सर्लाहीका २ र धनुषाका १ गरी ७८ जना सङ्क्रमित पुष्टि भएका छन् । सङ्क्रमितहरूमा २६ जना महिला र ३ देखि ७० वर्ष उमेरका सङ्क्रमित छन् ।


नारायणी अस्पतालमा स्वाब परीक्षण गर्दै स्वास्थ्यकर्मी । तस्वीर : फाइल

## क्रियाशील सदस्यता विषयमा विवाद

प्रस, निजगढ, ९ वैशाख/

नेपाली काङ्ग्रेस निजगढ नगरपालिकामा क्रियाशील सदस्यताको विषयलाई लिएर विवाद बढेको छ ।

एक पक्षले १४२ जना क्रियाशील सदस्य थप गरेर ल्याएपछि अर्को पक्षले सोको विरोध गर्दै बिहीवार पत्रकार सम्मेलन गरेको थियो ।

नगरप्रमुख एवं काङ्ग्रेसका महाधिवेशन प्रतिनिधि सुरेशकुमार खनालले पार्टीको विधानविपरीत क्रियाशील सदस्यता थप गरिएको भन्दै चर्को विरोध गरे ।

विसं २०७१ मा १३औं महाधिवेशनमा छुट भएका १४ जना क्रियाशील सदस्यता कायम गर्ने भनी नगर सभापति महेशी कुमरले किर्ते गरेर १४२ जनालाई क्रियाशील सदस्यता प्रदान गरेको नगरप्रमुख खनालले आरोप लगाए ।

उनले पार्टीभित्रको आन्तरिक झमेला मिलाउनेभन्दा चर्काउनेतर्फ एक पक्ष सक्रिय रहेको र गलती सच्याउनुभन्दा सदस्यता भएकाहरूलाई लुकीछिपी घरमा गएर वितरण गर्ने कार्य भइरहेकोप्रति आपत्ति व्यक्त गरे । उनले विधानविपरीत बनेका क्रियाशील सदस्यता खारेज गर्न माग गरे ।

नगर सभापति कुमरले भने विधान र परिपत्र अनुसार सदस्यता थप गरेको दाबी गरेकी छन् । उनले प्रक्रियाविपरीत कसैलाई पनि सदस्यता नदिएको बताइन् ।


विवादबारे पत्रकारसम्मेलनमार्फत् जानकारी गराउँदै । तस्वीरः प्रतीक

## छोटकरी

### चट्याङ लागेर मृत्यु

प्रस, रौतहट, ९ वैशाख/

रौतहट जिल्ला गुजरा नगरपालिका–७ पल्टुवा घर भई वृन्दावन नगरपालिका–१ मा बस्दै आएका ४० वर्षीय लक्ष्मण महराको बिहीवार बिहान चट्याङ लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक भरत श्रेष्ठले जानकारी गराएका छन् ।

महरा आफन्तको बिहेमा सहभागी हुन हिजो राति गुजरा नपा वडा नं ८ मा गएका थिए । आज बिहान शौच गर्न खेतमा गएका उनको चट्याङ लागेर मृत्यु भएको प्रनाउ श्रेष्ठले बताए ।

## मारवाडी सेवा ट्रस्टद्वारा निश्शुल्क आक्सिजन वितरण

प्रस, वीरगंज, ९ वैशाख/

ग्रीनसिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरले मारवाडी सेवा ट्रस्टको सहयोगमा निश्शुल्क आक्सिजनको व्यवस्था गरेको छ ।

कोरोना सङ्क्रमितहरूलाई लक्षित गरेर आक्सिजनको व्यवस्था गरिएको ग्रीनसिटीका अध्यक्ष प्रकाश खेतानले बताए । सङ्क्रमित भएर घरमा आइसोलेट भएकाहरूलाई आकस्मिक सेवा प्रदान गर्नका लागि निश्शुल्क आक्सिजन वितरण कार्यको शुभारम्भ गरिएको अध्यक्ष खेतानले बताए । उनले कसैलाई आकस्मिक आक्सिजनको आवश्यकता परेमा नेपाली नागरिकताको प्रतिलिपि वा चिनजानका मानिसको जमानी लिएर ग्रीनसिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरमा सम्पर्क गरेमा निश्शुल्क आक्सिजन उपलब्ध हुने बताए ।

पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले निश्शुल्क आक्सिजन वितरण कार्यक्रमको बिहीवार बिहान कार्यक्रमबीच उद्घाटन गर्दै शुभारम्भ गरेका थिए । सो कार्यक्रममा वडा प्रहरी कार्यालय बितांका प्रहरी निरीक्षक राजेशराज पुरी, श्रीपुरका प्रहरी निरीक्षक दिनेश गौतम, ट्राफिक प्रहरी निरीक्षक सुमन कार्की, ग्रीनसिटीका रतन टेमानी, ललित टेमानी, कैलाश बजाज, राकेश अग्रवाललगायतको सहभागिता थियो ।

आकस्मिक निश्शुल्क आक्सिजन सेवा यसअघि पहिलो कोरोनाकालमा पनि ग्रीनसिटीलगायतका संस्थाहरूले वीरगंजमा करीब तीन महिना सञ्चालन गरेका थिए । हालका दिनमा सङ्क्रमितको सङ्ख्या बढेपछि अस्पतालसमेतमा आक्सिजनको अभाव भएको छ भने घरमा आइसोलेट सबैले भुक्तानी गरी आक्सिजन सेवा लिन सक्ने अवस्था नरहेकोले यो सेवा पुनः शुरू गरिएको अध्यक्ष खेतानले प्रतीकलाई बताए । ग्रीनसिटीले सङ्क्रमित सङ्ख्या बढ्न थालेपछि वैशाख ७ गतेदेखि महानगरपालिकामा प्रहरीसमेतको सहकार्यमा सचेतना कार्यक्रम र मास्क वितरण गर्दै आएको अध्यक्ष खेतानले बताए । उनले घण्टाघरदेखि दक्षिण बजार क्षेत्रका पसलहरू, सडकपेटीमा हिँडने बटुवा, रिक्सा, टेम्पो, ईरिक्सा, मोटरसाइकल र साइकल चालकहरूलाई मास्क वितरण गरिएको बताए ।




## दुईजना सङ्क्रमितको मृत्यु

प्रस, वीरगंज, ९ वैशाख/

नारायणी अस्पतालमा एकजना महिला र एकजना पुरुष गरी दुईजना सङ्क्रमितको बिहीवार बिहान मृत्यु भएको छ ।

वीरगंज महानगरपालिका वडा नं १६ निवासी ६१ वर्षीय महिला र वडा नं १९ विन्ध्यवासिनी निवासी ६३ वर्षीय पुरुष सङ्क्रमितको मृत्यु भएको अस्पतालका प्रवक्ता डा सरोजरोशन दासले बताए । महिला सङ्क्रमितको बिहान सवा एक बजे र पुरुष सङ्क्रमितको बिहान पौने ११ बजे मृत्यु भएको उनले बताए । महिला सङ्क्रमितको वैशाख ३ गते पिसिआर रिपोर्ट पोजिटिभ देखिएको थियो । उनलाई वैशाख ५ गते नारायणी अस्पतालमा भर्ना गरिएको र उपचारको क्रममा आज बिहान मृत्यु भएको प्रवक्ता डा दासले बताए ।

यसैगरी, पुरुष सङ्क्रमित वैशाख ५ गते अस्पताल भर्ना भएका र उनको पिसिआर पोजिटिभ रिपोर्ट वैशाख ६ गते आएको थियो । आज बिहान १०:५० बजे उनको मृत्यु भएको प्रवक्ता डा दासले बताए । योसँगै नारायणी अस्पतालमा कोरोना सङ्क्रमित सातजनाको मृत्यु भइसकेको छ ।

शशश

-विचारसार र सूक्तिहरू

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com

## यही हो पूर्वतयारी

**वीरगंजमा अहिले कोरोना सङ्क्रमितको सङ्ख्या दिनानुदिन बढिरहेको छ । चैतको पहिलो साताबाट पिसिआर परीक्षण तीव्र भएसँगै नारायणी अस्पतालको पिसिआर प्रयोगशालाबाट कोरोना सङ्क्रमित देखा पर्न थालेको हो । चैतको दोस्रो सातासम्म छिटपुटरूपमा सङ्क्रमित देखिएकामा अहिले आएर दैनिक ८० जनाभन्दा बढी नै सङ्क्रमितहरू देखिन थालेका छन् । गत तीन सातामा वीरगंजमा सङ्क्रमित केस यति विघ्न बढेको छ कि अहिले अस्पतालमा राखेर उपचार गर्न सकिने अवस्था छैन । घरमा आइसोलेट भएकाहरूलाई रायपरामर्शबाट वञ्चित भएका छन् । छिमेकी भारतमा कोरोनाको कहर बढेसँगै खुला सीमाको कारण पर्सा जिल्लामा सरोकारवालाहरू पूर्वतयारीमा जुटेका थिए । जिल्ला सङ्कट व्यवस्थापन केन्द्रले चैत १० गते नै बैठक गरेर सम्भावित दुर्घटना हुन नदिनका लागि विभिन्न निर्णय गरेका थिए । खुला सीमा रहेको स्थानमा हेल्पडेस्क राख्ने, भारतबाट आउनेहरूको विवरण राख्ने, भीडभाड हुने गरी कुनै काम नगर्ने, २५ जनाभन्दा बढी भेला भएर कुनै पनि पर्व, उत्सव, समारोह नगर्ने, पालिकास्तरमा क्वारेन्टाइन र आइसोलेशनको व्यवस्था गर्ने, निजी अस्पतालहरूले कुल शय्याको दश प्रतिशत सङ्क्रमितका लागि व्यवस्थापन गर्नुपर्ने, नारायणी अस्पतालमा आइसियू, आइसोलेशन र शङ्कास्पद बिरामी राख्नका लागि छुट्टै कक्षको व्यवस्था गर्ने, नेशनल मेडिकल कलेज कोरोना अस्पताल सञ्चालनका लागि स्वास्थ्य मन्त्रालयमा पत्राचार गर्नेलगायतका निर्णय गरेका थिए ।**

**यो निर्णय गरुन्जेलसम्म वीरगंजमा कोरोना सङ्क्रमित सङ्ख्या दैनिकरूपमा बढेको थिएन । त्यतिखेर भएका निर्णयमध्ये शङ्कराचार्य प्रवेशद्वारमा थर्मलगन प्रयोग गरेर ज्वरो नाप्ने र भारतबाट आउनेहरूको विवरण सङ्कलन गर्नेसम्मका काम भए । नारायणी अस्पतालले आइसियू, आइसोलेशन र अब्जरभेशन कक्ष निर्माण गऱ्यो । त्यसपछि जिल्ला सङ्कट व्यवस्थापन केन्द्रका संयोजक फेरिए । अर्थात् पर्साका नयाँ प्रजिअमा पीताम्बर अधिकारी आए । उनी आएपछिको अवस्थामा वीरगंजमा कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दो छ । फेरि केन्द्रको बैठक बस्यो र पुरानै निर्णय दोहोरियो । तर यसपटक पनि कार्यान्वयन भने हुन सकेन । अहिले दिनानुदिन कोरोना सङ्क्रमित बढ्दो छ । तर केन्द्रले गरेका पूर्वतयारीका कार्यहरू कार्यान्वयनमा छैनन् । सङ्क्रमित हुनेहरूलाई आफ्नो स्रोतबाट चाँडो र अस्पताल अथवा यससम्बन्धी जानकारी दिने जिम्मेवारी लिएको वीरगंज महानगरपालिकाबाट ढिलो थाहा हुने गरेको छ । त्यसपछि असामान्य र सामान्य छुट्ट्याउने संयन्त्र विकसित भएको छैन । जसले गर्दा आफ्नो अवस्थाको आकलन आफैंले गरेर घरमा बस्दा राम्रो हुन्छ कि अस्पताल भर्ना भएर सङ्क्रमित आफैं वा उनका परिवारजनले गर्नुपर्ने अवस्था छ ।**

**दैनिक सङ्क्रमित पुष्टि भएका सूचनाबाहेक सङ्क्रमित भएकाहरूको अवस्था, उपचारमा कुनै जिम्मेवारी वहन गरिएको छैन । यसअघिको महामारीमा होमिएका नगरप्रमुख आफैं सङ्क्रमित भएको र त्यसपछि अस्पतालले दिनुपर्ने रु दश करोड महानगरपालिकालाई सोधभर्ना नगरेपछि अहिले अभियानमा नाम मात्रको संलग्नता देखाएका छन् । नारायणी अस्पताल सामान्य अवस्थामा बेथितिको शिकार रहँदै आएको कुरा जगजाहेर छ भने अहिले महामारीको बेला त्यहाँ सुधारको आशा गर्नु मूर्खताबाहेक केही होइन ।**

# विषम परिस्थितिमा नेपाल

स्वतन्त्र विचार



सुदर्शनराज पाण्डे

सार्वभौम नेपाल र नेपाली जनता साध्य हुन् । राजनीतिक दल र राजनीतिक व्यवस्था साधन हुन् । देश र जनताका लागि उपयुक्त नभए व्यवस्था परिवर्तनको क्रम चलिरहन्छ । राजनीतिका निर्णायक शक्ति र परिवर्तनका संवाहक शक्ति जनता हुन् । यो शाश्वत सत्य हो । देश सर्वोपरि हुन्छ । कुनै पनि व्यवस्था निर्विवाद, निर्विकल्प हुन सक्दैन । देशको आर्थिक अवस्था र बेरोजगारीको अवस्था कस्तो छ भन्ने कुरा तीन करोड जनसङ्ख्या रहेको नेपालमा ६० लाख मानिस वैदेशिक रोजगारमा छन् भन्नेबाट थाहा हुन्छ । पुर्ख्यौली सम्पत्ति बेचेर केही मानिस धनी बनेर सुखको जीवन बिताइरहेका छन् । राष्ट्रिय आम्दानी सञ्चित छैन । सरकारी अर्थतन्त्र ऋणात्मक छ । आर्थिक वृद्धिदर घट्दो छ । विकास निर्माणमा शर्तसहितको विदेशी ऋण, अनुदान भित्रिएको छ । विकास निर्माण बजेटमा भ्रष्टाचार बढ्दो छ । राष्ट्रिय उत्पादन घट्दो, विदेशी ऋण बढ्दो अनि आत्मनिर्भरता कसरी हुन्छ । खेतबारी बाँझो राखेर वैदेशिक रोजगारमा जाने लहरले भविष्य कहालीलाग्दो बनाउँदै छ ।

राजनीतिक व्यवस्था असफल हुँदा नेपालको अस्तित्व गम्भीर खतरामा पर्दैछ । दुई विशाल छिमेकी चीन र भारतको बीचमा रहेको नेपाललाई स्वतन्त्र राख्ने हो भने तटस्थ परराष्ट्रनीति र दूरदर्शी राजनीति चाहिन्छ । यसका लागि नेपाली जनताबीच एकता र राष्ट्रिय अनुशासन चाहिन्छ । नीति निर्माण तहमा बसेका मानिस अधिकांश बिकाउ, दलाल र भ्रष्टाचारी भएपछि यहाँ भविष्यको सुनिश्चितता कसरी हुन्छ । हामीले बाहिरी आँखाले हेर्दा देशको विकास, निर्माण, उन्नति भए जस्तो देखिए पनि वास्तविकता बुझ्दा 'बाहिर बोक्रो, भित्र खोक्रो'को अवस्था छ । विगतको लकडाउनको समीक्षा गर्ने हो भने देशको अर्थतन्त्रको अवस्था छर्लङ्ग हुन्छ । दुःख परेको बेला सरकारले के कति सहयोग गर्न सक्छ त्यो स्पष्ट छ ।

राजनीति सबै नीतिमा प्रधान नीति हो । यसले सबै क्षेत्रको नीतिलाई प्रभाव पार्छ । नेपालको राजनीतिले सकारात्मक परिवर्तनभन्दा नकारात्मक प्रभाव पार्दै आएको छ । न्यायालयदेखि संसद्सम्म हेर्दा बेथिति, विसङ्गति सिवाय केही पाइँदैन । आशा र भरोसाको कुनै ठाउँ नै छैन । निराशा र अन्योलको अवस्था जताततै छ ।

संसद्मा सरकारविरुद्ध अविश्वासको प्रस्ताव दर्ता हुने सूचना पाएपछि आकस्मिकरूपमा संसद्को चालू अधिवेशन अन्त्य गरियो । संसद् विघटन र पुनर्स्थापनाको खेलले सरकारद्वारा गरिनुपर्ने प्रमुख कार्यहरू हुन पाएनन् । सरकारी कर्मचारी र स्थानीय, प्रदेश तथा सङ्घीय सरकारमा रहेका जनप्रतिनिधिले तलब पाएकै छन् । सर्वसाधारण जनताका लागि काम र मामको जोहो कसले गरिदिने ? यथास्थिति कहालीलाग्दो छ । यस्तै किसिमले चलिरहन्छ भन्ने ठान्नु गम्भीर दुर्घटना निम्त्याउनु हो । पूर्व सतर्कता र विकल्पका बारेमा नसोच्नु मूर्खता हो ।

चालू संसदीय व्यवस्थाको असफलताको परिणाम नेपाल र नेपालीका लागि दुःखदायी बनिरहेको छ । विरोधका लागि विरोधले केही हुँदैन । राजनीति व्यवस्था खराब बन्दै गएको हो भने नेपाली जनता शान्तिपूर्ण तवरले स्वस्फूर्त सडक सङ्घर्षमा जुट्नुपर्दछ । सरकारले न्यूनतम आधारभूत आवश्यता परिपूर्ति गर्न सकेन भने त्यहाँ सरकार छ भन्नु मिथ्या हो ।

सत्य लुकाएर लुक्दैन । सरकारले जनताको मन जित्ने गरी काम गर्न नसकेपछि त्यतिखेर जनआक्रोश बाध्यता हो । जनअसन्तुष्टि बढेपछि सरकारविरुद्ध अविश्वास प्रस्ताव दर्ता हुन्छ नै । अविश्वास प्रस्ताव दर्ता हुन नदिँदैमा देशमा अमनचयन, शान्ति छ भनेर ठान्नु मूर्खता हो । 'मूर्खस्य कुतो वलय' अर्थात् मूर्खलाई कुनै बलले पनि जित्न सकिँदैन भन्ने हो भने बेग्लै कुरा हो, होइन भने मूर्खको अन्त्य निश्चित छ । पुनर्स्थापनापछि संसद्को पहिलो अधिवेशनको दुःखद अन्त्यको निवारण असत्यमाथि सत्यको विजयका लागि सङ्घर्ष नै हो ।

जनसङ्घर्ष बाध्यता हो । अहिले षड्यन्त्रकारी राजनीति गर्न खोज्नेविरुद्ध जनसङ्घर्षभन्दा बलियो अस्त्र केही हुँदैन । शान्तिपूर्ण जनसङ्घर्षले देश र जनतामाथि अवश्य न्याय गर्नेछ । अहिले एमसिसीको आडमा जनघात र राष्ट्रघात हुँदैछ । वर्तमान राजनीति घृणित र प्रत्युत्पादक भएको छ । अहिले नेपाली इतिहासकै खराब पात्रको रूपमा ओलीलाई लिइँदैछ । कम्युनिस्ट आन्दोलनलाई विसर्जन गरेर देशमा अराजकता कायम गर्न खोज्दा पनि खोइ त प्रजातन्त्रवादीहरूले आवश्यक भूमिका निर्वाह गर्न सकेको ? अहिले देशका नेताप्रति जनविश्वास घट्दो छ । अवसरवादी नेताहरूलाई तह लगाउने बलियो अस्त्र जनान्दोलन नै हो ।

**जनान्दोलनले नयाँ नेता, नयाँ राजनीतिक दलप्रति न्याय गर्नेछ । नयाँ नेता, नयाँ व्यवस्थाले मात्र सुरक्षित र समुन्नत नेपाल निर्माण गर्न सक्छ । विदेशी हस्तक्षेप, भ्रष्टाचार, बेथिति, जनअसन्तुष्टिको अन्त्यका लागि हुने जनान्दोलनमा विशाल जनसहभागिता जुट्न सक्नुपर्दछ ।**

जनान्दोलनले नयाँ नेता, नयाँ राजनीतिक दलप्रति न्याय गर्नेछ । नयाँ नेता, नयाँ व्यवस्थाले मात्र सुरक्षित र समुन्नत नेपाल निर्माण गर्न सक्छ । विदेशी हस्तक्षेप, भ्रष्टाचार, बेथिति, जनअसन्तुष्टिको अन्त्यका लागि हुने जनान्दोलनमा विशाल जनसहभागिता जुट्न सक्नुपर्दछ । समयमा आन्दोलन भएन भने देशमा विषम परिस्थिति उत्पन्न हुन्छ । यो मनोगत कुरा होइन यथार्थ हो ।

शासन, सत्ता, व्यवस्था, नेतृत्व असल भयो भने असल परिणाम देखा पर्दछ । साधनस्रोतको सदुपयोग गर्ने हो भने नेपाल आत्मनिर्भर हुने प्रशस्त सम्भावना छ । नेपालको विकासमा वैदेशिक लगानी अभिशाप हो । शर्तरहित विकास अनुदान र ऋण विदेशबाट ल्याउने वातावरण बनाउनुपर्दछ । सन्तुलित कूटनीति र दूरदर्शी राजनीति भयो भने विदेशी ऋण र सहयोग शर्तरहित भित्रिने प्रबल सम्भावना छ ।

## नृसिंह माविको भवन उद्घाटन

प्रस, वीरगंज, ९ वैशाख/

क्षेत्रीय शहरी विकास परियोजना अन्तर्गत वीरगंज–१४ पिपरास्थित नृसिंह माविको भवन निर्माण भएर बिहीवार उद्घाटन भएको छ ।

नगरप्रमुख विजयकुमार सरावगीले नवनिर्मित भवनको उद्घाटन गरेका थिए । उनले विद्यालय भवनको निर्माणबाट मात्र शैक्षिक विकास नहुने भन्दै शिक्षाको गुणस्तर बढाउनेतर्फ शिक्षकहरूलाई सुझाव दिए ।

परियोजना अन्तर्गत सहायक बाइपास सडक निर्माण गर्दा नृसिंह माविको पुरानो भवन सो सडकखण्डमा परेको थियो । विद्यालय स्थानान्तरण गरी नयाँ भवन ६ करोड रुपैयाँको लागतमा निर्माण गरिएको हो । विद्यालय भवनमा सानो–ठूलो गरी ३३ वटा कोठा रहेको प्रअ विनोद मेहताले बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामबाबू कुर्मीको अध्यक्षतामा भएको उद्घाटन समारोहमा उपप्रमुख शान्ति कार्की, स्वास्थ्य तथा सामाजिक महाशाखा प्रमुख अरुण महतो, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष रामनारायण कुर्मीलगायतको सहभागिता थियो ।




## ठोरीमा बाघको आक्रमणबाट एकजना घाइते

प्रस, ठोरी, ९ वैशाख/

पर्साको ठोरी–३, रामनगरका एक स्थानीय बाघको आक्रमणमा परेर घाइते भएका छन् ।

बिहीवार अपराह्न चितवन राष्ट्रिय निकुञ्जभित्र रहेको खानेपानीको टयाङ्की सफा गरेर फर्कने क्रममा रामनगरका ४० वर्षीय पूर्णबहादुर तामाङलाई बाघले आक्रमण गरेको निर्मल–ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्नेतले जानकारी दिए ।

बस्नेतका अनुसार रामनगरबाट करीब १ किलोमिटर उत्तरमा रहेको खानेपानी टयाङ्की सफा गर्न करीब १०/११ जनाको समूहमा स्थानीय गएका थिए । टयाङ्की सफा गरेर फर्कने क्रममा बाघ देखेपछि भागदौड मच्चिएको थियो । सो क्रममा बाघबाट बच्न रूखमा चढेका तामाङको खुट्टामा बाघ झुन्डिएको प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै अध्यक्ष बस्नेतले जानकारी दिए । तामाङको खुट्टामा झुन्डिएको बाघलाई सँगै रहेका स्थानीयहरूले होहल्ला गरेर भगाउन सफल भए ।

बाघको आक्रमणबाट तामाङको खुट्टामा गहिरो चोट लागेको छ ।

बिहीवार नै सोही स्थान वरपर रामनगरका स्थानीयले चरनमा लगेको आधा दर्जन बाख्रा बाघले मारेको अध्यक्ष बस्नेतले जानकारी दिए ।

बस्तीनजीक रहेको जङ्गल वरपर बाघ रहेको र आक्रमणको डर भएकाले सकेसम्म जङ्गल नजान र जानैपरे पनि एक्लै नजान अध्यक्ष बस्नेतले सबैसँग आग्रह गरेका छन् । उनले रातको समयमा पनि सजग र सतर्क रहेर बाहिर निस्कन सबैसँग अनुरोध गरेका छन् ।

ठोरी–३ मा गत वर्षको फागुन मसान्ततताका पनि बाघको आतङ्कका कारण स्थानीय त्रसित थिए ।

## तुलसीमा अरू धेरै विशिष्टता छन्

पाठक प्रतिक्रिया

८ गते प्रतीकमा जीवेम शरदः शतम्‌को लेख 'समस्त रोगको एउटा औषधि : तुलसी' पढेर खुशी लाग्यो कि तुलसी क्रिश्चियन, यहुदी र बौद्धधर्ममा पनि त्यत्तिकै सम्मानित र पूजनीय छ, जति हामी हिन्दूहरूमा छ । तर मुस्लिमहरूमा यसको सम्मान भए वा नभएको उल्लेख छैन ।

हाम्रा पूर्वजहरूले सृष्टिका समस्त अवयवको उचित मूल्याङ्कन गर्दै तीनवटा चीज विश्वलाई दिएका छन्– तुलसी, गाई र यज्ञ । तुलसीले त अन्य सभ्यतामा पनि सम्मान पायो तर गाई र यज्ञले पाएन ? गाईलाई उनीहरू काटेर खान्छन् । यज्ञलाई वातावरणमा कार्बन छोड्ने देख्छन् । यसको सीधा अर्थ यही हो कि उनका मस्तिष्क र खोजले पूर्वीय स्तरको उचाइ छुन सकेन ।

आजभोलि वैज्ञानिकहरूले कुन वस्तुमा कुन तत्त्व कति छ भनेर टुङ्याइदिन्छन् । सबै वनस्पतिमा भिटामिन, खनिज, लवण र एन्टीआक्सिडेन्ट हुन्छ । अनि तुलसी नै किन ? साधारण मान्छे यसरी रनभुल्लमा पर्छ । कागती, सुन्तला र अमलामा भिटामिन सी हुन्छ । कागती र सुन्तला सुकेपछि भिटामिन सी गायब हुन्छ । अमलामा सुकेपछि झन् बढ्छ । अतः च्यवनप्राशमा अमला प्रयोग गरिन्छ ।


भिन्न–भिन्न वनस्पतिमा भिन्न–भिन्न प्रभावकारिता लिएर बसेको हुन्छ तत्त्व । प्रयोगशालामा सुगरफ्री टेबलेट बनाइन्छ, त्यो तत्त्व तरबुजमा पनि पाइन्छ । तर कस्तो विचित्र–टेबलेटले नोक्सान गर्छ, तरबुजले फाइदा । तत्त्व एउटै, एक्सन विपरीत । अतः भिन्नता तरबुजमा छ । त्यसको रूप, आकार र प्रकृतिमा छ । तुलसीबारे यो दोस्रो कडी प्रकाशित गरेकोमा प्रतीकलाई मुरीमुरी धन्यवाद !

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८



# अर्थ - उद्योग - वाणिज्य



## दीर्घकालीन राष्ट्रिय अर्थतन्त्रका लागि विप्रेषण घातक

**अर्थविशेष**



**विश्वराज अधिकारी**
akoutilya@gmail.com

**दिन प्रतिदिन मुलुकको अर्थतन्त्र विप्रेषणमुखी हुँदै गएको स्थितिलाई नियन्त्रण गर्न हामीले गर्नुपर्ने पहिलो मुख्य कार्य देशको राजनीति स्थिर पार्नु हो । देशको राजनीति स्थिर पार्न नेताहरूबीच राम्रो समन्वय हुनु आवश्यक छ । उनीहरूले व्यक्तिगत स्वार्थलाई तिलाञ्जली दिएर राष्ट्रिय स्वार्थमा जोड दिन आवश्यक छ ।**

एकातिर राष्ट्रिय राजनीतिले विभिन्न दलहरूबीच एकता कायम होस्, राम्रो सहमतिको आधारमा आगामी वर्षको लागि प्रभावकारी बजेट निर्माण होस् भन्ने माग गरिरहेको छ भने अर्कोतिर राजनीतिक दलका नेताहरू निर्लज्ज किसिमले सत्ताको बजारमा प्रधानमन्त्री पदका लागि मोलमोलाइ गरिरहेका छन् । यस्तो गर्दा उनीहरूलाई राष्ट्रिय दायित्व के हो भन्ने कुराको रत्ति पनि हेक्का नभएजस्तो छ ।

यसैबीच कोभिड –१९ को दोस्रो लहर देशभरि अनियन्त्रित किसिमले फैलिएको छ, जुन अनिश्चित मात्र होइन भयावह पनि छ । र यस्तो अवस्था कहिलेसम्म रहने हो भन्ने सक्ने स्थिति छैन । यो यस्तो नाजुक समय हो, जुन समयमा नेताहरूका लागि सरकार परिवर्तन र प्रधानमन्त्रीको पद गौण भएर अति नाजुक अवस्थामा पुग्न थालेको राष्ट्रिय अर्थ व्यवस्थालाई कसरी जोगाउने भनी गहन छलफल हुनुपर्ने थियो । सत्ताको बजारमा रमाउने मौलिक चरित्र बोकेका नेताहरू आफ्नो स्वभाव अनुसार प्रम पद हात पार्न विभिन्न शक्ति केन्द्र धाउन मस्त र व्यस्त छन् । देशको नाजुक हुँदै गएको अर्थ व्यवस्था उनीहरूको लागि महत्त्वहीन हुन पुगेको छ । प्रम पद नै जीवनको सर्वाधिक महत्त्वपूर्ण लक्ष्य हुन पुगेको छ । अहिले सरकार परिवर्तन सर्वाधिक ठूलो विषय हुन पुगेको छ ।

तर यस आलेखमा चर्चा गर्न थालिएको विषय नेपालको अर्थ व्यवस्था दिन प्रतिदिन झन्झन् विप्रेषण (remittance) मा निर्भर हुँदै जानु र त्यो स्थिति दीर्घकालको राष्ट्रिय अर्थतन्त्रका लागि घातक हुनु हो । लघुकालमा विप्रेषण मुलुकको अर्थतन्त्रका लागि हितकर देखिए पनि दीर्घकालका लागि भने यो हितकर छैन । दीर्घकालमा यसले राष्ट्रिय अर्थ व्यवस्थालाई आत्मनिर्भर होइन परनिर्भर तुल्याउने छ । देशको अर्थतन्त्रलाई रसातलमा पुऱ्याउने छ । त्यसकारण यस विषयप्रति सम्बन्धित सबै पक्ष समयमैं गम्भीर हुन आवश्यक छ । यस विषयलाई राष्ट्रिय मुद्दा बनाएर बहस चलाउन अति आवश्यक हुन पुगेको छ ।

यो तथ्य घामझैं छर्लङ्ग हुनुपर्ने हो कि आफ्नो गार्हस्थ्य उत्पादनको तुलनामा विप्रेषण ठूलो परिमाणमा केवल गरीब देशले भिœयाउँछ । यसैगरी जुन देशमा लामो समयदेखि गृहयुद्ध चलिरहेको छ, देशको अर्थतन्त्र अति नाजुक स्थितिमा पुगेको छ, त्यस्तो देशको अर्थतन्त्र पनि विप्रेषणमा आधारित हुन पुग्दछ । यसैगरी देश ज्यादै गरीब नभए पनि राष्ट्रिय आय वितरण सन्तुलित छैन र जनसङ्ख्याको आकार ठूलो भएर धेरै नागरिकले रोजगार पाउन सकेको छैन भने त्यस्तो देशले पनि विप्रेषण ठूलो परिमाणमा भिœयाउने गर्दछ । भारत, चीन आदि त्यसका उदाहरण हुन् ।

भारत, चीन, मेक्सिको, फिलिपिन्स, इजिप्ट, नाइजेरिया, पाकिस्तान, भियतनाम, बङ्गलादेश र युक्रेन कमशः विश्वका एकदेखि दसौं बढी विप्रेषण भिœयाउने राष्ट्रमा पर्दछन् । तर यी राष्ट्रको आफ्नो अर्थतन्त्र कमजोर भने छैन र राष्ट्रिय अर्थतन्त्र विप्रेषणमा अत्यधिक निर्भर पनि छैन । जनसङ्ख्याको हिसाबले ठूलो, रोजगारको क्षेत्र विस्तार गर्न नसकेका साथै देशभित्र पर्याप्त दक्ष जनशक्ति भएकोले यी देशका नागरिक अन्य मुलुक जान्छन् र राम्रो परिमाणमा विप्रेषण भिœयाउँछन् ।

तर किर्गिस्तान, टोंगा, ताजकिस्तान, हैटी, नेपाल, लाइबेरिया, कोमोरस, गाम्बिया, मल्डोभा, होन्डुरस क्रमशः विश्वका एकदेखि दसौं विश्वका विप्रेषणमा बढी भर पर्ने राष्ट्र हुन् । यी राष्ट्रहरूले आफ्नो गार्हस्थ्य उत्पादनको तुलनामा विप्रेषण बढी प्राप्त गर्छन् । अर्को शब्दमा भन्ने हो भने यी राष्ट्रहरूको आफ्नो उत्पादन कम हुन्छ । वस्तु वा सेवा उत्पादनको क्षेत्रमा पछाडि परेका हुन्छन् । र यस्ता राष्ट्रलाई विप्रेषण राम्रो मात्रामा प्राप्त नभए देश चलाउन कठिन हुन्छ । अर्थात् यस्ता राष्ट्रको अर्थतन्त्रको मेरुदण्ड नै विप्रेषण हुन पुगेको हुन्छ । यस्ता राष्ट्रहरूले आफ्ना उत्पादनका साधन–भूमि, श्रम, पूँजी र सङ्गठनको राम्रो उपयोग गर्न सकेका हुँदैनन् । यस्ता राष्ट्रका नेताहरूमा विकास गर्ने इच्छा शक्ति कमजोर हुन्छ र उनीहरू देशभन्दा आफ्नो हितको बढी ख्याल गर्ने हुनाले देशको राजनीति सदा अस्थिर रहन्छ ।

अर्कोतिर अमेरिका, साउदी अरेबिया, युनाइटेड अरब इमिरेट्स, ब्रिटेन, जर्मनी, क्यानाडा, फ्रान्स, रूस, इटली, स्पेन क्रमशः विश्वका सर्वाधिक विप्रेषण पठाउने राष्ट्र हुन् । विप्रेषण ठूलो परिमाणमा पठाउने यी राष्ट्रहरूको यो स्थितिले आफ्नो जनशक्तिको भरपूर उपयोग गरेको र केही क्षेत्रमा जनशक्ति नपुगेर बाह्य जनशक्ति (अन्य देशका नागरिक) उपयोग गरेको हो भन्ने तथ्य दर्शाउँछ । यी राष्ट्रहरूले ठूलो परिमाणमा उत्पादन गर्न सकेको तथ्य दर्शाउँछ । अर्को शब्दमा भन्ने हो भने यस्ता धनी राष्ट्रहरूले अन्य राष्ट्रका कुशल जनशक्तिको उपयोग गरेर राष्ट्रिय उत्पादनमा अभिवृद्धि गरेको प्रस्ट हुन्छ । अर्थात् धनी राष्ट्रहरूले आफ्नो अर्थतन्त्र बलियो भएको कारण ठूलो परिमाणमा विप्रेषण पठाउने गर्छन् ।

**विप्रेषण बढी प्राप्त हुनु वा मुलुकको अर्थतन्त्र विप्रेषणमा अधिक निर्भर हुँदै जानु राष्ट्रको लागि दीर्घ कालमा किन हितकर होइन ?**

कुनै पनि देशको अर्थतन्त्र विप्रेषणमा बढी भर पर्दै जानुको अर्थ त्यो देशले आफ्नो जनशक्तिको भरपूर उपयोग गर्न नसक्नु हो । त्यो देशको सृजनात्मक जनशक्तिलाई अर्को देशले उपयोग गर्नु हो । त्यो देशमा वस्तु वा सेवा उत्पादन क्रमशः कम हुँदै जानु हो । नेपालमा अहिले त्यही भइरहेको छ । नेपाल अहिले नराम्ररी विप्रेषणको दलदलमा फस्दै गएको छ । नेपालको अर्थतन्त्र अहिले विप्रेषणमा अति नै भर पर्नुपर्ने स्थितिमा पुगेको छ । विप्रेषण आउन ठ्याप्प बन्द हुने हो भने नेपालमा अहिले आर्थिक सङ्कट आउन सक्छ ।

नेपालको रचनात्मक जनशक्ति अहिले लाखौंको सङ्ख्यामा संसारका विभिन्न मुलुकमा छरिएको छ । आफ्नो देशमा उत्पादनका लागि आवश्यक पर्ने जनशक्ति पनि छैन । अर्कोतिर नेपालमा कृषि र उद्योग दुवै किसिमका वस्तुको उत्पादन क्रमशः घट्दै गएको छ । अहिले हामी दैनिक आवश्यकताका लगभग सम्पूर्ण वस्तु विदेशबाट आयात गर्ने स्थितिमा पुगेका छौं । मुख्यगरी भारत र चीनबाट अहिले हामीले ठूलो परिमाणमा वस्तु खरीद गर्नुपर्ने स्थिति छ । अहिले हामी विदेशबाट जति कमाएर ल्याइरहेका छौं, त्यो रकम, अनेक विदेशी वस्तु खरीद गरेर पुनः विदेशतिर फर्काइरहका छौं । अर्थात् हामीले अहिले विश्वका अनेक मुलुकमा आफ्नो श्रम सस्तोमा बिक्री गरिरहेका छौं र श्रम बिक्री गरेर प्राप्त हुन आएको रकम भारत र चीन (विभिन्न सामान खरीद गर्दा) पठाइ रहेका छौं । हामीले हाम्रा प्रतिभाहरूको उपयोग राष्ट्र निर्माणमा गर्न सकिरहेका छैनौं । यो ज्यादै दुःखद स्थिति हो । हामी साधन र स्रोतले भरिपूर्ण भएर पनि आफ्नो जनशक्तिको उपयोग गर्न सकिरहेका छैनौं । त्यसमा राजनीतिक अस्थिरताले हाम्रो अर्थतन्त्रलाई झन्झन् विप्रेषणमा बढी निर्भर हुने स्थितिमा पुऱ्याइदिएको छ ।

**समाधान के त ?**

दिन प्रतिदिन मुलुकको अर्थतन्त्र विप्रेषणमुखी हुँदै गएको स्थितिलाई नियन्त्रण गर्न हामीले गर्नुपर्ने पहिलो मुख्य कार्य देशको राजनीति स्थिर पार्नु हो । देशको राजनीति स्थिर पार्न नेताहरूबीच राम्रो समन्वय हुनु आवश्यक छ । उनीहरूले व्यक्तिगत स्वार्थलाई तिलाञ्जली दिएर देशको स्वार्थलाई जोड दिन आवश्यक छ । सरकारलाई स्थिर पार्न आवश्यक छ । नेताहरू यस विषयमा अति गम्भीर हुन आवश्यक छ ।

यसैगरी, हामीले उत्पादनमा वृद्धि गर्न आवश्यक छ । कृषि, उद्योग र सेवा उत्पादनमा हामीले चीन, बङ्गलदेशले झैं चमत्कारी वृद्धि गर्ने हो भने देशमा ठूलो मात्रामा रोजगार सृजना गरेर राष्ट्रिय जनशक्तिलाई देशको आर्थिक विकासमा उपयोग गर्न सक्छौं र यस्तो गरेर देशको अर्थतन्त्रलाई विप्रेषणमा अति निर्भर हुने स्थितिबाट जोगाउन सक्छौं ।

मुलुकको अर्थतन्त्रलाई विप्रेषणमुखी हुनबाट जोगाउने ठूलो दायित्व अहिले नेताहरूको काँधमा आएको छ ।

## बैंक वित्तीय संस्थाको सेवामा गुनासो छ, यसरी गर्नुस् उजुरी

काठमाडौं, ९ वैशाख/रासस

बैंक तथा वित्तीय संस्थाले दिएका सेवाप्रति तपाईंको कुनै प्रकारको गुनासो छ ? या उनीहरूले दिएको सेवामा कुनै जटिलता पैदा भएको छ ? यदि छ भने




प्रतीकात्मक तस्वीर: सौजन्य

बैंक तथा वित्तीय संस्थाको नियामक निकायको रूपमा रहेको नेपाल राष्ट्र बैंकले नयाँ सेवा शुरू गरेको छ ।

केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्था र विभिन्न प्रकारका संस्था वा एजेन्टले ग्राहकसँग निष्पक्ष, विश्वसनीयता र पारदर्शी ढङ्गबाट बैंकिङ क्षेत्रको व्यावसायिक मूल्य र मान्यता एवं नीति निर्देशनको अधीनमा रहेर ग्राहकको हितलाई प्राथमिकतामा राखिएको जनाएको छ । राष्ट्र बैंकले गुनासो दर्ता गर्ने, दर्ता भएको गुनासोको जानकारी र दर्ता नं इमेलमार्फत प्राप्त हुने, गुनासोको स्थिति थाहा पाउने र गुनासोका अन्तिम निर्णय विद्युतीय माध्यमबाटै थाहा हुने प्रणाली सञ्चालनमा ल्याएको जानकारी दिएको छ ।

विश्वसनीय, पारदर्शी एवं व्यावसायिक मूल्य र मान्यता एवं नीति निर्देशनको अधीनमा रही ग्राहकको हितलाई प्राथमिकतामा राखेर वित्तीय मध्यस्थता सेवा प्रदान गर्ने गराउने कार्यको सुनिश्चितता गरी वित्तीय ग्राहकको हित संरक्षण गर्न पोर्टल सञ्चालनमा ल्याएको छ ।

केन्द्रीय बैंकले गुनासो डट एनआरबी डट ओआरजी डट एनपीमार्फत सो सेवा शुरू गरिएको विज्ञप्तिमार्फत जानकारी दिएको छ । वित्तीय ग्राहकलाई वित्तीय सेवाप्रदायकबाट हुने असहयोग, ढिलासुस्ती, बेवास्ता, पक्षपात, गैरजिम्मेवारी, लापरवाही, झूटो, गलत सूचना सम्प्रेषण, अपारदर्शी कारोबार जस्ता नकारात्मक व्यवहारलाई न्यूनीकरण गर्ने, वित्तीय सेवाप्रदायकले आफूले प्रदान गर्ने सेवा सम्बन्धमा न्यूनतम मापदण्ड पूरा गरी वित्तीय ग्राहकलाई निष्पक्ष र समान मध्यस्थता सेवा प्रदान वा प्राप्त गर्न वा गराउन प्रोत्साहन गर्ने नीति लिइएको छ ।

यस्तै, वित्तीय सेवाप्रदायकबाट नीति निर्देशनविपरीत निक्षेप सङ्कलन, कर्जा प्रवाह, कर्जा असुलीलगायत अन्य वित्तीय मध्यस्थता सेवा प्रवाहमा गरिने विभेद तथा क्षतिलाई न्यूनीकरण गर्न सहयोग पुग्नेछ ।

ग्राहकको मनोबल उच्च राखी वित्तीय क्षेत्रप्रतिको विश्वास कायम राख्ने, ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापनका सम्बन्धमा यस बैंकको क्षेत्राधिकारभित्र पर्ने कानून, नीति, निर्देशन, कार्यविधि सम्बन्धमा गर्नुपर्ने सुधारको बारेमा गभर्नरलाई जानकारी गराउने लक्ष्य राखिएको छ । त्यस्तै, गुनासो सुनुवाइ प्रक्रियालाई सहज र पारदर्शी बनाउने र वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापनका सम्बन्धमा यस बैंकको क्षेत्राधिकारभित्र पर्ने कानून, नीति, निर्देशन, कार्यविधि सम्बन्धमा गर्नुपर्ने सुधारका बारेमा गभर्नरलाई जानकारी गराइनेछ ।

वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापनमा केन्द्रीय बैंकको क्षेत्राधिकारभित्र पर्ने कानून, नीति, निर्देशन, कार्यविधि सम्बन्धमा गर्नुपर्ने सुधारको बारेमा गभर्नरलाई जानकारी गराइ नीतिगत सुधार गर्ने लक्ष्य राखिएको केन्द्रीय बैंकले जनाएको छ ।

## औद्योगिक क्षेत्रमा ४८ प्रतिशत वैदेशिक लगानी

काठमाडौं, ९ वैशाख/रासस

नेपालमा आएको प्रत्यक्ष वैदेशिक लगानीमध्ये ५१ दशमलव एक प्रतिशत सेवा क्षेत्रमा र ४८ दशमलव आठ प्रतिशत औद्योगिक क्षेत्रमा लगानी रहेको देखिन्छ ।




नेपाल राष्ट्र बैंकले बिहीवार सार्वजनिक गरेको 'प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी सर्वेक्षण प्रतिवेदन, २०७५/७६' अनुसार सेवा क्षेत्र अन्तर्गत कुल प्रत्यक्ष वैदेशिक लगानीमध्ये २७ दशमलव चार प्रतिशत बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीमा रहेको छ । त्यसैगरी, औद्योगिक क्षेत्र अन्तर्गत उत्पादन क्षेत्रमा २८ दशमलव ६ प्रतिशत र जलविद्युत् क्षेत्रमा २० प्रतिशत वैदेशिक लगानी छ ।

प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गरी लगानीको क्षेत्रगत अवस्था एवं प्रवृत्ति विश्लेषणका आधारमा आवश्यक नीति निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले बैंकले यस्तो सर्वेक्षण प्रतिवेदन प्रकाशन गर्दै आएको छ । आर्थिक वर्ष २०७५/७६ मा नेपालमा प्रत्यक्ष वैदेशिक लगानीमा सञ्चालित कम्पनीमध्ये कुल १५३ कम्पनीको नमूना छनोट गरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क विश्लेषणका आधारमा प्रतिवेदन तयार पारिएको बैंकले जनाएको छ ।

सर्वेक्षणबाट प्राप्त नतीजा अनुसार नेपालमा आव २०७५/७६ को अन्त्यसम्ममा कुल प्रत्यक्ष वैदेशिक लगानी आठ दशमलव आठ प्रतिशतले कमी आई रु १८२ अर्ब ९२ करोड कायम रहेको छ । कुल वैदेशिक लगानीमध्ये चुक्ता पूँजीको अंश ४८ दशमलव दुई प्रतिशत, रिजर्भ ४२ दशमलव आठ प्रतिशत र कर्जाको अंश नौ प्रतिशत रहेको छ । रिजर्भको अंश २७ प्रतिशतले घटेकाले कुल प्रत्यक्ष वैदेशिक लगानीमा कमी आएको हो ।

यसैगरी, २०७६ असार मसान्तसम्ममा नेपालमा ५३ देशको प्रत्यक्ष वैदेशिक लगानी छ । त्यसमध्ये भारतबाट सबैभन्दा बढी रु ५६ अर्ब पाँच करोड र त्यसपछि क्रमशः चीनबाट रु २७ अर्ब ५६ करोड, सेन्ट किस्टस एन्ड नेभिसबाट रु २४ अर्ब ९४ करोड, आयरल्यान्डबाट रु ११ अर्ब ५९ करोड र सिङ्गापुरबाट रु आठ अर्ब ७३ करोड प्रत्यक्ष वैदेशिक लगानी रहेको प्रतिवेदनमा उल्लेख छ ।



**चैते धान गोड्दै किसान** : कैलालीको भजनीका किसान चैते धान गोडमेल गर्दै । भजनी क्षेत्रका किसानले वर्षात्मा डुबान र बाढी आउने भएकाले चैते धानखेती गर्ने गरेका छन् । आजभोलि गोडमेल गरिने धान जेठ र असारमा काट्न तयार हुन्छ । रासस

# सबल अर्थतन्त्रका लागि लघुवित्त

**अर्थ-उद्योग-वाणिज्य**



शीतल महतो
shitalmahato@gmail.com

**लघुवित्तले धेरै चुनौतीको सामना गर्नुपर्ने देखिन्छ । दोहोरो कर्जा र यसको दुरुपयोग, उच्च सञ्चालन खर्च, स्रोत व्यवस्थापनमा परनिर्भरता, विकट क्षेत्रमा सेवा विस्तारमा कठिनाई, अस्वस्थ प्रतिस्पर्धा, विपन्न वर्गमा सेवा पुऱ्याउन कठिनाईजस्ता समस्या देखिएका छन् ।**

लघुवित्त भन्नाले लघु बचत, लघु कर्जा, लघु कर्जा बीमा/लघु कर्जा सुरक्षण तथा विप्रेषणजस्ता माध्यमबाट गरीब तथा विपन्न वर्गलाई स्वरोजगारको अवसर दिलाई उनीहरूको उद्यमशीलता विकास गरी आयआर्जन क्रियाकलापमा संलग्न गराउन सहयोग पुऱ्याउने वित्तीय सेवा हो । यसले विनाधितो लघुकर्जा उपलब्ध गराएर उत्पादनशील क्षेत्रमा लगानी गर्न वा लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्छ । परिणामस्वरूप रोजगारका अवसर सिर्जना गरेर विपन्न तथा सीमान्तकृत वर्गका मानिसको आम्दानीमा समेत परिवर्तन ल्याउँछ । न्यून आय भएका मानिसको जीवनस्तर, पूँजीगत खर्च, महिला सशक्तीकरण, सूचनाको पहुँच, स्वास्थ्य, शिक्षा तथा पेशागत स्तरमा वृद्धिजस्ता क्रियाकलापमा लघुवित्त उपयोगी भएको कुरा विभिन्न अध्ययन–अनुसन्धानले समेत पुष्टि गरिसकेको छ। त्यसैले वित्तीय सेवासम्म पहुँच नभएका मानिसलाई लक्षित गरेर लघुवित्त सेवा ग्रामीण क्षेत्रसम्म विस्तार गर्दै वित्तीय साक्षरता अभियानमा जोड दिनुपर्छ । अनि मात्र वित्तीय सेवाको सदुपयोग भई यसले सामाजिक–आर्थिक रूपान्तरणमा सहयोग पुऱ्याउँछ ।

नेपालमा हालसम्म ग्रामीण बैंकिङ पद्धति, विपन्न वर्ग कर्जा, साना किसान सहकारी संस्था, बचत तथा ऋण सहकारी संस्था, वित्तीय मध्यस्थकर्ता गैरसरकारी संस्था, परियोजनामा आधारित कार्यक्रम, ग्रामीण स्वावलम्बन कोष, थोक कर्जा प्रदायक संस्थाजस्ता लघुवित्त संस्थाहरूले लघुवित्त सेवा प्रदान गर्दै आएका छन् । लघुवित्त सामाजिक सेवामा आधारित व्यवसाय भएकोले यस्ता संस्थाले विपन्न तथा निम्न वर्गको हितलाई ध्यानमा राखी सेवा प्रदान गर्नुपर्छ। यो नै लघुवित्त संस्थाहरूको मुख्य दायित्व र उद्देश्य पनि हो। तर नेपालमा लगानी सुरक्षाको दृष्टिकोणले विपन्न वर्गभन्दा मध्यम तथा माथिल्लो वर्गका मानिसलाई लक्षित गरेर लघुवित्त सेवा प्रवाह भएको पाइन्छ । विपन्न तथा सीमान्तकृत वर्गको पहिचान गर्न लघुवित्त संस्थाले खासै ध्यान दिएको पाइँदैन । त्यसैले हाम्रो परिप्रेक्ष्यमा लघुवित्त सेवा सीमान्तकृत वर्गसम्म पुग्न नसकेको र शहरी तथा अर्धशहरी क्षेत्रमा सीमित रहेको यथार्थलाई नकार्न सकिंदैन। परिणामस्वरूप लघुवित्त संस्थाबीच अस्वस्थ प्रतिस्पर्धा बढ्न गई यसले लघुवित्त क्षेत्रमा थुप्रै समस्या एवं चुनौती निम्त्याएको छ । कर्जामा दोहोरोपन, निष्क्रिय कर्जाको मात्रा बढ्नु, कर्जामा उच्च ब्याजदर, व्यवस्थापन सूचना प्रणाली प्रभावकारी नहुनु, ग्रामीण क्षेत्रमा उद्यमशीलताको विकास हुन नसक्नु, लघुवित्तको दायरा फराकिलो बन्न नसक्नुजस्ता समस्या छन्। त्यसैले यस्ता समस्या तथा चुनौतीको समयमैं निराकरण गरी लघुवित्तको मूल मर्म एवं लक्ष्यबमोजिम वित्तीय समावेशीकरण र गरीबी निवारण कार्यमा केन्द्रित गर्न राज्य एवं नियमनकारी निकायले आवश्यक कदम चाल्न जरूरी देखिएको छ ।

आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीति अनुसार लघुवित्त संस्था खोल्न इजाजत दिने कार्य स्थगन गरिएको छ। साथै इजाजत प्रक्रियामा रहेका लघुवित्त वित्तीय संस्थाहरूको इजाजत प्रक्रियासमेत रद्द गरिएको छ। प्रदेशस्तरमा कारोबार गर्ने लघुवित्त संस्थाहरूले तोकिएको प्रदेशबाहेक क्षेत्रमा सञ्चालनमा रहेका शाखा कार्यालय बिक्री, बन्द वा स्थानान्तरण गरी आफ्नो सम्पूर्ण कारोबार एउटै प्रदेशमा सीमित गर्नुपर्ने समयसीमा २०७७ असार मसान्तबाट बढाई २०७८ असार मसान्त कायम गरिएको छ। व्यावसायिक परियोजनाको लागि स्वीकारयोग्य धितो लिई तोकिएका कृषि, लघु उद्यम तथा व्यवसाय गर्ने विपन्न तथा न्यून आय भएका व्यक्ति, फर्म वा समूहलाई प्रदान गरिने कर्जा सीमा रु. ७ लाखबाट बढाई रु. १५ लाख कायम गरिएको छ । लघु वत्त वित्तीय संस्थाहरूले आफ्ना ग्राहकसँग लिने ब्याजदर अधिकतम १५ प्रतिशत र लघुवित्त वित्तीय संस्थामा आधार दर (गणनाविधि) समेत तय गरिने योजना रहेको देखिन्छ । इजाजत प्राप्त 'क', 'ख', 'ग' र थोक कर्जा प्रवाह गर्ने 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरूले विपन्न वर्ग कर्जाको रूपमा लघुवित्तीय संस्थाहरूलाई प्रवाह गर्ने कर्जामा ०.५ प्रतिशतभन्दा बढी सेवा शुल्क लिन नपाइने व्यवस्था भएको छ । लघुवित्त वित्तीय संस्थाहरूको शाखा नभएका वडाहरूमा मात्र शाखा खोल्न पाउने व्यवस्थाले वित्तीय पहुँचलाई बढावा दिइएको छ ।

लघुवित्त वित्तीय संस्थामध्ये थोक कर्जा प्रवाह गर्ने तथा सर्वसाधारणबाट निक्षेप सङ्कलन गर्न स्वीकृतिप्राप्त संस्थाहरूले आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान अनुसार प्रकाशन गर्नुपर्ने व्यवस्थाले लघुवित्तको शुद्धीकरणलाई बल मिलेको छ। लघुवित्त संस्थाहरूको पूँजीको आधार सुदृढ तुल्याउन एकआपसमा गाभ्ने, गाभिने तथा प्राप्ति प्रक्रियालाई प्रोत्साहित गरिएबाट गुणस्तरीय सेवा र पूँजीको आधार सुनिश्चित भएको छ। बढ्दो सामाजिक उत्तरदायित्व निर्वाह, अनुगमन र लगानी एवं असुलीमा प्रभावकारी कार्यान्वयनतर्फ ध्यान दिएको फलस्वरूप लघुवित्तले लगानीकर्तालाई तुलनात्मकरूपमा बढी लाभांश दिएको र वाणिज्य तथा विकास बैंकभन्दा शेयरमूल्य पनि उच्च रहेको छ। नेपालमा लघुवित्त क्षेत्रले विगत अढाई दशकमा सङ्ख्यात्मक एवं गुणात्मकरूपमा ठूलो फडको मारेको छ। नेपालमा लघुवित्त संस्थाहरूको सङ्ख्या बढेसँगै प्रतिस्पर्धा पनि बढ्दो छ। वित्तीय उदारीकरणको नीति अनुरूप लघुवित्त क्षेत्र खुला गरिएपछि नेपालमा निजी क्षेत्रबाट सबैभन्दा पहिले २०५६ साउनदेखि निर्धन उत्थान लघुवित्त वित्तीय संस्था सञ्चालनमा आएको देखिन्छ । वित्तीय सेवाको पहुँच हेर्दा ७७ जिल्लामा पुगिसकेको र लाखौं परिवारले आय आर्जनका माध्यमबाट आफूलाई गरीबीको रेखाभन्दा माथि उकास्न सफल भएका छन् । लघुवित्तको अवस्था हेर्दा धेरै चुनौतीको सामना गर्नुपरेको देखिन्छ । दोहोरो कर्जा र यसको दुरुपयोग, उच्च सञ्चालन खर्च, स्रोत व्यवस्थापनमा परनिर्भरता, भौगोलिक विकटता भएको क्षेत्रमा सेवा विस्तारमा कठिनाई, अस्वस्थ प्रतिस्पर्धा, विपन्न वर्गमा सेवा पुऱ्याउन कठिनाईजस्ता समस्या देखिएका छन् । बढी मुनाफामा केन्द्रित हुँदा सामाजिक उत्तरदायित्वको पालनामा कठिनाइ, सरकारबाट अपेक्षित सहयोगको अभाव, मर्जरमा जान बाध्य पारिनु, सर्वसाधारणमा वित्तीय साक्षरताको अभाव, उद्देश्य अनुरूपको लगानी नहुनु स्प्रेडदर न्यून रहनुलगायत समस्या छन्।


लघुवित्तको प्रमुख कर्तव्य र दायित्वमा कोभिड १९ को मारमा परेका कृषकलाई कसरी माथि उठाउने, निर्देशित नीतिको कार्यान्वयन, स्रोत व्यवस्थापनको पहल, वित्तीय साक्षरता र वित्तीय पहुँच विस्तारका माध्यमबाट वित्तीय समावेशीकरणमा जोड, उद्यमशीलता र स्वरोजगार विकास, विपन्न परिवारमा पहुँच लघुवित्तका दायित्व हुन्। लगानी गरिएको कर्जाको समयमा नै नियमानुसार असुली र नियमित अनुगमन, लगानीका नयाँ क्षेत्र पहिचान, गरीबी निवारणमा थप भूमिका खेल्ने र गुणस्तरीय सेवा दिने पनि यसका दायित्व हुन्। कर्मचारी तथा कामदारको क्षमता अभिवृद्धि गर्ने, कर्जा सूचना व्यवस्थित गर्ने, अनुसन्धानमूलक कार्य र विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग सहकार्य गर्ने, अनावश्यक खर्च कटौती गर्ने, गरीबसँग लघुवित्त भन्ने कार्यलाई यथार्थमा बदल्नेजस्तो चुनौती लघुवित्तलाई छ । चर्को ब्याज नियन्त्रण गर्ने र स्रोतको उचित परिचालन गर्नेलगायत थप दायित्व पनि छन् । त्यसैले अब यस क्षेत्रको स्थायित्व र प्रभावकारिता अभिवृद्धिका लागि आआफ्नो कार्यकुशलता बढाएर प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु र लघुवित्तको मर्म अनुरूप सामान्य नाफाको लक्ष्य मात्र लिनु न्यायसङ्गत देखिन्छ । यसतर्फ लघुवित्तका सञ्चालक र सरकार दुवै पक्ष अत्यन्त गम्भीर हुनपर्छ ।

हाम्रोजस्तो ग्रामीण बस्ती भएको मुलुकमा वित्तीय समावेशीकरण, गरीबी निवारण तथा रोजगार सिर्जनाका लागि लघुवित्त कार्यक्रमलाई एउटा उपयोगी वित्तीय औजार बनाउन सकिन्छ। त्यसैले मुलुकको आर्थिक उन्नयन र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्नका लागि लघुवित्तीय संस्थाको संस्थागत विकास र यसको प्रभावकारी कार्यान्वयनलाई विशेष प्राथमिकता दिनु आजको आवश्यकता हो ।

# पशुपति क्षेत्रका सबै मन्दिर शुक्रवारदेखि बन्द गरिने

काठमाडौं, ९ वैशाख/रासस

नयाँ भेरियन्टसहितको कोरोना बढ्न थालेपछि वैशाख १० गते शुक्रवारदेखि पशुपतिनाथ, गुह्येश्वरीलगायत पशुपति क्षेत्रका मन्दिर बन्द गरिने भएको छ ।



पशुपतिनाथ मन्दिर क्षेत्र । तस्वीर: सौजन्य

पशुपतिनाथ, गुह्येश्वरीलगायत मन्दिरमा नित्य पूजा भने निरन्तर जारी रहने पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष डा मिलनकुमार थापाले जानकारी दिए । फैलँदै गइरहेको नयाँ भेरियन्टसहितको कोभिड–१९ को सङ्क्रमण नेपालमा समेत बढ्दै जान थालेपछि रोकथाम तथा नियन्त्रणका लागि सङ्क्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी सरकारले स्वास्थ्य मापदण्ड जारी गरेकाले त्यसै अनुसार मन्दिर बन्द गरिएको कोषले बिहीवार जारी गरेको सूचनामा उल्लेख छ ।

सोही ऐनको दफा ४ ले दिएको अधिकार प्रयोग गरी अर्को व्यवस्था नभएसम्मका लागि पशुपतिनाथ, गुह्येश्वरीलगायत मन्दिर बन्द गरिने उनले बताए । पशुपति क्षेत्रका मठमन्दिरमा नित्य पूजाबाहेक अरू सबै क्रियाकलाप गर्न निषेध गरिएको छ । यसबाट भक्तजनमा पर्न गएको असुविधाप्रति कोषले क्षमा मागेको छ । गत वर्ष पनि कोरोनाबाट बच्न जारी बन्दाबन्दीका कारण नौ महीनासम्म पशुपतिनाथ, गुह्येश्वरीलगायत मठमन्दिर भक्तजनका लागि बन्द गरिएको थियो ।

विसं २०७६ चैत ११ गतेदेखि बन्द गरिएको मन्दिर विसं २०७७ पुस १ गतेदेखि बिहान ६ देखि १ बजेसम्म भक्तजनका लागि खुला गरिएको थियो। विशेष पूजा भने महाशिवरात्रिका अवसरमा फागुन २५ गतेदेखि मात्र शुरू भएको थियो । मन्दिर भने महाशिवरात्रिका अवसरमा फागुन २७ गतेदेखि मात्र साबिकबमोजिम नै पूरा समय खुला गरिएको थियो। अन्य क्षेत्र खुला गरिंदासमेत पशुपतिनाथ, गुह्येश्वरीलगायत मन्दिरमा भक्तजनलाई प्रवेश नदिइएको भन्दै विश्व हिन्दू महासङ्घलगायत सङ्घसंस्थाले त्यस बेला विरोधसमेत जनाएका थिए ।

मन्दिर बन्द गरिएसँगै पशुपति क्षेत्रको घाट सेवामा पनि सरकारले तोकेको मापदण्डभन्दा बढी मानिस उपस्थित नहुन कोषले आह्वान गरेको छ। घाट सेवामा आउने सबैलाई अनिवार्यरूपमा मास्क लगाइ स्वास्थ्य सुरक्षाका विधि अपनाउन कोषले आह्वान गरेको छ ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. रमोला साह, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
**सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०**






**१) कुमारीलाई मच्छिन्द्रनाथको दर्शन गराउने तयारी**

सेतो मच्छिन्द्रनाथको रथयात्राका क्रममा जीवित देवी कुमारीलाई दर्शन गराउन बिहीवार वसन्तपुरबाट बाहिर ल्याइँदै । चैते दशैंका दिन तीनधार पाठशालादेखि शुरू भएको रथयात्रा लगनटोलसम्म पुऱ्याइएको छ ।

**२) हनुमान ढोकाअगाडि भेला भएका भक्तजन**

रथयात्राका क्रममा हनुमान ढोकाअगाडि भेला भएका भक्तजन । चैते दशैंका दिन तीनधार पाठशालादेखि शुरू भएको रथयात्रा लगनटोलसम्म पुऱ्याइएको छ । तस्वीर : रासस

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा एकै दिन तीन लाखभन्दा बढी सङ्क्रमित

नयाँ दिल्ली, ९ वैशाख/सिन्ह्वा

भारतमा बुधवार एकै दिनमा कोभिड–१९ सङ्क्रमित सङ्ख्या तीन लाख तुलनामा यो ठूलो सङ्ख्या भएको सरकारी तथ्याङ्कले जानकारी दिएको छ। यद्यपि संयुक्त राज्य अमेरिका गत जनवरीमा एकै दिनमा तीन लाखभन्दा बढी व्यक्ति सङ्क्रमित भएका थिए।



तस्वीरः एएनआई

यहाँको स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार कोभिड–१९ को १४ हजार ८३५ थपिएपछि कुल सङ्क्रमितको सङ्ख्या एक करोड ५९ लाख ३० हजारभन्दा बढी भएको छ।

सोही अवधिमा भारतमा कोरोनाबाट दुई हजार १०४ जनाको मृत्यु भएको छ। योसँगै भारतमा कोरोनाबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या एक लाख ८४ हजार ६५७ पुगेको छ।

भारतमा कोरोना भाइरस सङ्क्रमण शुरू भएयता एकै दिनमा तीन लाखभन्दा बढी व्यक्ति सङ्क्रमित भएको यो पहिलोपटक हो। कोरोना महामारी शुरू भएयता विश्वमा भएका सङ्क्रमणको

भारतमा बुधवारसम्म सक्रिय सङ्क्रमितको सङ्ख्या २२ लाख ९१ हजार ४२८ रहेको छ। यहाँ हालसम्म एक करोड ३४ लाख ५४ हजार ८८० व्यक्ति कोरोनामुक्त भएका छन्।

**ब्रजीलमा २४ घण्टामा तीन हजार ४७२ जनाको मृत्यु**

रियो डे जेनेरियो/सिन्ह्वा

ब्रजीलमा गएको २४ घण्टायता कोभिड–१९ को सङ्क्रमणबाट यहाँका तीन हजारभन्दा बढी नागरिकको मृत्यु भएको छ।

सङ्क्रमणमा परेका यहाँका तीन हजार ४७२ जनाको एकै दिनमा यसैका कारण ज्यान गएको हो। योसँगै ब्रजीलमा कोभिडको प्रकोपबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या तीन लाख ८१ हजार ४७७ पुगेको सो मन्त्रालयले जनाइएको छ।

त्यसैगरी, सोही अवधिमा थप करीब ८० हजारजनामा कोरोना सङ्क्रमण देखिएको पनि मन्त्रालयले जनाएको छ। कोरोना भाइरसको सङ्क्रमण शुरू भएबाट ब्रजीलमा हालसम्म एक करोड ४१ लाख २२ हजारजनाभन्दा बढीमा सो सङ्क्रमण भएको छ। रासस

## होटलमा बम विस्फोट, कम्तीमा चारजनाको मृत्यु

इस्लामाबाद, ९ वैशाख/सिन्ह्वा

पाकिस्तानी क्वेटा शहरस्थित एउटा होटलमा बुधवार राति भएको बम विस्फोटमा परी कम्तीमा चारजना मारिएका छन् भने अन्य एक दजन व्यक्ति घाइते भएको देशका गृहमन्त्री शेख रशीद अहमदले बताएका छन्।

संवाददाताका अनुसार होटेल सेरेनाको कार पार्किङ गर्ने इलाकामा उक्त आक्रमण भएको थियो। पाकिस्तानस्थित चिनियाँ राजदूतलक्षित गरी सो आक्रमण गरिएको आशङ्का गरिएको छ।

चिनियाँ राजदूत अफगानिस्तानको सिमानानजीक रहेको बलुचिस्तान प्रान्तको राजधानी क्वेटाको सेरेना होटलमा बसेका थिए।

विस्फोटका बेला उनी घटना क्षेत्रमा नरहेको बताइएको छ। होटल सेरेना उच्च अधिकारीको रोजाइमा रहेको होटलको रूपमा रहेको बताइएको छ।

पाकिस्तानी तालिबान लडाकू समूहले यस आक्रमणको जिम्मेवारी लिएको छ। उक्त समूह र अन्य लडाकू सङ्गठनले पछिल्ला महीनामा अफगानिस्तानसँगको सिमानानजीकका आदिवासी क्षेत्रमा आक्रमण बढाएका छन्। बलुचिस्तान लामो समयदेखि पृथकतावादी विद्रोह चलिरहेको प्रान्त हो। लडाकूहरूले पाकिस्तानबाट स्वतन्त्र गराउन चाहन्छन्। उनीहरूले त्यस क्षेत्रमा भइरहेका प्रमुख चिनियाँ पूर्वाधार परियोजनाको विरोध गर्दै आएका छन्। रासस

## सैनिकसहित बेपत्ता पनडुब्बीको खोजी तीव्र

बाली, इन्डोनेसिया, ९ वैशाख/एएफपी

नियमित अभ्यासका क्रममा ५३ जना चालक दलका सदस्यसँगै बेपत्ता भएको नौसैनिक पनडुब्बीको इन्डोनेसियाली




तस्वीरः एएफपी

युद्धपोतले बिहीवार बिहानैदेखि खोजी कार्यलाई तीव्र बनाएका छन्।

इन्डोनेसियाको समुद्री क्षेत्रमा बेपत्ता भएको उक्त पनडुब्बीको खोजीका लागि अन्य मुलुकका युद्धपोत पनि खटिएका छन्।

बुधवार बिहानीपख समुद्रमा डुबेको आशङ्का गरिएको उक्त जहाजबाट चुहिएको तेल समुद्रको सतहमा देखिएको थियो। प्रारम्भिक अनुसन्धानमा उक्त पनडुब्बी समुद्रको निकै गहिराइमा डुबेको अनुमान गरिएको छ।

रक्षा विश्लेषकका अनुसार केआरआई नाग्गाला ४०२ नम्बरको पनडुब्बीमा धेरै दिनसम्म पुग्ने गरी आक्सिजन रहेको भएपनि जहाज समुद्रको करीब ७०० मिटर गहिराइमा पुगेर टुक्राटुक्रा भएको हुन सक्छ। अस्ट्रेलियाका रक्षामन्त्री पिटर डटनले प्रारम्भिक रिपोर्टले “भयानक त्रासदी”को सम्भावना देखिएको बताए। जर्मननिर्मित पनडुब्बी नौसैनिक जहाजको अभ्यासकै क्रममा दुर्घटनामा परेको थियो। डुबुल्की लगाएको केही समयभित्रै जहाजसँगको सञ्चार सम्पर्क विच्छेद भएको थियो।

नौसेनाका प्रवक्ता जुलियस विजोजोनोले तेल चुहिएको क्षेत्रलाई केन्द्रित गरी खोजी कार्य तीव्र बनाइएको जानकारी दिएका छन्, तर कुन ठाउँमा डुबेको हो भन्ने ठ्याक्कै खुट्याउन नसकिएको बताए।

सेनाले पनडुब्बीको खोजीका लागि छवटा युद्धपोत र हेलिकप्टर पठाइसकेको छ।

संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया, फ्रान्स र जर्मनीसमेतका अन्य मुलुकले पनि सहयोगका लागि प्रस्ताव गरेका छन्। अस्ट्रेलियाका विदेशमन्त्री मारिज पेनले यो घटना इन्डोनेसियाली जलसेनाका लागि निकै दुःखद भएको बताए।

छिमेकी मुलुक सिङ्गापुर र मलेसियाले पनडुब्बी खोजी कार्यका लागि जहाज त्यसतर्फ पठाइसकेका छन्। इन्डोनेसियाली सेनाले युद्धपोतमा बढी तौल भए नभएकोबारेमा भने कुनै प्रतिक्रिया दिएको छैन।

बुधवार सेनाले पनडुब्बी निकै गहिराइमा डुबेको आशङ्का गरेको थियो।

करीब एक हजार ३०० टनको केआरआई नाग्गाला ४०२ पनडुब्बी सन् १९८१ मा निर्माण भएको हो। इन्डोनेसियाले पछिल्ला वर्षमा आफ्ना युद्धपोतलाई अद्यावधिक र आधुनिक बनाउने प्रक्रिया थालेको छ। इन्डोनेसियासँग हाल जर्मन र दक्षिण कोरियामा निर्मित पाँचवटा पनडुब्बी छन्। रासस

## महानगरले दुईवटा एम्बुलेन्स किन्यो

प्रस, वीरगंज, ९ वैशाख/

वीरगंज महानगरपालिकाले दुईवटा एम्बुलेन्स खरीद गरेको छ। कोरोना सङ्क्रमण फैलिएसँगै गत वर्ष भएको समस्या नदोहोरियोस् भनेर एम्बुलेन्स खरीद गरेको नगरप्रमुख विजयकुमार सरावगीले बताए।

महानगरका बिरामीहरूलाई सेवा प्रदान गर्नका लागि एम्बुलेन्स यस अवधिमा सहायक हुने उनले बताए।

गत वर्ष कोरोनाकालमा वीरगंजमा रहेका निजी एम्बुलेन्स सञ्चालकहरूले सङ्क्रमितहरूलाई अस्पतालसम्म पुऱ्याउन सघाउ पुऱ्याएका थिएन्। जसले गर्दा कतिपय मानिसको अस्पताल पुग्नुअगावै निधन भएको थियो।



अघिल्लो वर्षको समस्या यस वर्ष नदोहोरियोस् भनेर दुईवटा एम्बुलेन्स सञ्चालनमा ल्याएको नगरप्रमुख सरावगीले बताए।

## पेस्तोलसहित युवक पक्राउ



प्रस, वीरगंज, ९ वैशाख/

जिल्ला प्रहरी कार्यालय पर्साले एकजना नेपाली युवकलाई पेस्तोल र गोलीसहित सीमाबाट पक्राउ गरेको छ।

रक्सौलबाट वीरगंजतर्फ पैदल आइरहेका मकवानपुर जिल्ला मनहरी गाउँपालिका–५ निवासी २५ वर्षीय राजु रानामगरलाई पेस्तोल र सोमा लाग्ने दुईवटा गोलीसहित पक्राउ गरिएको जिप्रका पर्साले जनाएको छ।

पैदल आइरहेका निजलाई शङ्का लागेर चेकजाँच गर्ने क्रममा कम्मरमा लुकाएर राखेको अवस्थामा पेस्तोल र पाइन्टको खल्तीबाट दुई थान गोली बरामद भएको प्रहरीले जनाएको छ।

पक्राउ परेका थापामगरबाट बरामद सो हतियार कुन प्रयोजनका लागि भारतबाट ल्याएका हो सोबारेमा अनुसन्धान भइरहेको प्रहरीले बताएको छ। निजविरुद्ध हातहतियार मुद्दामा आवश्यक कारबाही अगाडि बढाएको प्रहरीले जनाएको छ।

## बालविवाह र दाइजोप्रथाविरुद्ध सडक नाटक

प्रस, पंचगावाँ, ९ वैशाख /

बहुदरमाई नगरपालिकाको सहयोग र सहज सेवा सीप विकास केन्द्र पर्साको आयोजनामा वडा नं ४ र ५ को डोकैला बहुअरी तथा पटनीमा बालविवाह र दाइजोप्रथाविरुद्ध सडक नाटक प्रदर्शन भएको छ।



तस्वीरः प्रतीक

वैशाख महीनामा वैवाहिक कार्यक्रम बढी भएकोले यही बेला बालविवाह हुने सम्भावना रहेको र परम्परागतरूपमा लिइने दाइजोप्रथा नियन्त्रण गर्ने उद्देश्यले सडक नाटक प्रस्तुत गरिएको वडाध्यक्ष रामरेखा सिम्खडाले बताए। उनले बालविवाह र दाइजो कानूनतः अपराध भएको सबैलाई थाहा भएपनि यो अपराध समाजमा तीव्रगतिले बढिरहेकाले रोकथाम, नियन्त्रणका लागि सचेतनामूलक सडक नाटक प्रस्तुत गरिएको बताए।

कार्यक्रममा स्थानीय सञ्चारकर्मी प्रमोद यादवले बालविवाह र दाइजोप्रथाले धेरै पहिलेदेखि सामाजिक विकृतिको रूप धारण गरिसकेको र रोकथामका लागि सचेतना र दण्ड–सजाय आवश्यक भएको बताए। उनले सडक नाटकबाट मानिस सचेत हुने र दण्ड–सजायको प्रावधानले कानून मिच्ने प्रवृत्ति घट्ने बताए। उनले बालविवाह गर्नुहुन्न, दाइजो लिनुहुन्न भन्ने गाउँका अगुवा भनाउँदाहरू नै यी कार्यमा अग्रसर रहेकाले विकृति मौलाएको आरोप लगाए। सबैले यसविरुद्ध एक भएर आवाज उठाएको खण्डमा मात्र नियन्त्रण र निर्मूल सम्भव हुने उनको सुझाव थियो।

सडक नाटकको प्रस्तुतीकरण वर्तमान कोरोना सङ्क्रमणलाई दृष्टिगत गर्दै स्वास्थ्य तथा सुरक्षा मापदण्ड अपनाएर गरिएको आयोजक संस्थाका सुस्मिताकुमारी चौधरीले दाबी गरिन्।

## वीउवासङ्घमा तीनवटा समिति विस्तार

प्रस, वीरगंज, ९ वैशाख/

वीरगंज उद्योग वाणिज्य सङ्घले विधानबमोजिम तीनवटा समितिको विस्तार गरेको छ।




विस्तारित समितिमा वाणिज्य, उद्योग र रोजगारदाता छन्। यसका संयोजकमा क्रमशः वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, उपाध्यक्ष हरिप्रसाद गौतम र उपाध्यक्ष माधव राजपाल छन्। तीनवटै समितिका संयोजक क्रमशः अग्रवाल, गौतम र राजपालले श्रम सम्बन्धित मुद्दाहरूको निरुपण गर्नका लागि आआफ्नो भूमिका प्रभावकारी रहने प्रतिबद्धता जाहेर गरे।

### आजको राशिफल

| | |
|---|---|
| मेष – ज्ञानोदय | वृष – भयचिन्ता |
| मिथुन – राज्यलाभ | कर्कट – अतिथिआगमन |
| सिंह – सुयश | कन्या – खर्चवृद्धि |
| तुला – धनलाभ | वृश्चिक – सफलता |
| धनु – राज्यलाभ | मकर – वादविवाद |
| कुम्भ – व्यापारवृद्धि | मीन – शत्रुपराजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

लोकसेवाको तयारी

निजामती सेवाः शाखा अधिकृत, प्राविधिक सहायक (प्रा.स.), नायब सुब्बा, महिला विकास निरीक्षक, खरिदार, अमिन (सर्वेक्षक), विद्यालय निरीक्षक, कृषि तथा भेटेनरी जेटिए)

शिक्षक सेवाः माध्यमिक तह, निमावि तह, प्राथमिक तह, टिचिङ लाइसेन्स, त्रि.वि. सेवा आयोगका विभिन्न तह

ACHIEVERS INSTITUTE
Birgunj-8, Panitanki (Near Decimal College)
9823389488, 9865415634, 9811299300



साइकलमा सवार व्यक्ति पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे हुन् । वीरगंजमा कोरोना सङ्क्रमण बढेसँगै उनी बिहानपखको कार्यक्रम साइकल यात्राबाट पूरा गर्छन् । तस्वीरः प्रतीक

# सांस्कृतिकरूपले नेपाल हिन्दू राष्ट्र कायम छ –पराण्डे

प्रस, वीरगंज, ९ वैशाख/

विश्व हिन्दू परिषद्का अन्तर्राष्ट्रिय महामन्त्री मिलिन्द पराण्डेले नेपाल धर्ममा विश्वास नगर्ने लहर र पश्चिमी भोगवादी शैली भित्रिनाले हिन्दू धर्मलाई कमजोर बनाउन हिन्दू धर्ममाथि प्रहार ललाइफकाइ धर्मान्तरण गराइरहेको छ। पश्चिमी भोगवादको प्रभाव बढेकोले पनि हिन्दूहरू आफ्नो संस्कारदेखि टाढिदै

तस्वीरः प्रतीक




राजनीतिकरूपले नभए पनि सांस्कृतिकरूपले हिन्दू राष्ट्र नै रहेको दाबी गरेका छन् ।

विश्व हिन्दू परिषद् नेपालले बिहीवार वीरगंजको जैन धर्मशालामा आयोजना गरेको परिचयात्मक तथा भेटघाट कार्यक्रममा पराण्डेले नेपाल कहिले पनि धर्मनिरपेक्ष देश हुन नसक्ने दाबी गरे । उनले राजनीतिक दलका नेताहरूले क्षणिक स्वार्थका लागि कागजमा मात्र धर्मनिरपेक्ष लेखेको तर नेपाल अहिले पनि हिन्दू राष्ट्र भएको अभिव्यक्ति दिए।

महामन्त्री पराण्डेले चार कारणले हिन्दू धर्मलाई कमजोर पार्ने खेल भइरहेको बताए । इसाई धर्मको प्रचारबाजी र धर्मान्तरण, इस्लामिक आतङ्कवाद, कुनै भइरहेको उनको ठम्याइ थियो ।

पाकिस्तान र बङ्गलादेशमा हिन्दू धर्म सङ्कटको अवस्थामा रहेको उनले बताए। त्यहाँ अस्तित्वको सङ्घर्ष हुँदै आएको पराण्डेले बताए। न्यायपालिका मुस्लिमकै छ, दिनहुँ हिन्दूमाथि अन्याय, अत्याचार बढे पनि हिन्दूवादी सङ्गठनहरू खुलेर अगाडि आउन सकेका छैनन् । चौतर्फीरूपमा हिन्दूमाथि नै प्रहार भइरहेको उनले बताए ।

जुन ठाउँमा मुस्लिम आबादी बढेको छ, त्यो ठाउँमा जिहाद, चेलीबेटी बेचबिखन, गौहत्या र मुस्लिम तुष्टीकरणको राजनीति बढ्दै गएको उनले बताए । इसाई मिशिनरीले पनि समाजका गरीब व्यक्तिहरूलाई गएको उनको जिकिर थियो । उनले हिन्दू संस्कृतिमा रहेको जातीय छुवाछूत, भेदभाव, जातीय भाषा, सम्प्रदायको अहङ्कारले गर्दा एक हिन्दूले अर्को हिन्दूसँग गलत व्यवहार गरिरहेको जिकिर गरे । उनले सबै खाले विकृतिबाट मुक्त हुन सम्पूर्ण हिन्दू एकजुट हुनै पर्ने बताए ।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष एवं हिन्दू स्वयंसेवक सङ्घ पर्साका संस्थापक माधव राजपालले महामन्त्री पराण्डेलाई दोसल्ला ओढाइ सम्मान गरेका थिए ।

हिन्दू स्वयंसेवक सङ्घ पर्साका कार्यवाहक अध्यक्ष ललन द्विवेदीको अध्यक्षतामा सम्पन्न परिचयात्मक कार्यक्रममा विश्व हिन्दू परिषद् नेपालका महामन्त्री प्रह्लाद रेग्मी, नगर कार्यवाहक अध्यक्ष रामलखन यादव, विश्व हिन्दू परिषद् वीरगंज महानगर उपाध्यक्ष कृष्णमोहन सहायलगायतको सहभागिता थियो ।

Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## खेलकूदको संसार

# परवानीपुर गोल्डकप वैशाख ११ गतेदेखि

प्रस, परवानीपुर, ९ वैशाख/


तस्वीरः प्रतीक

परवानीपुर गोल्डकप यही वैशाख ११ गतेदेखि हुने भएको छ ।

बिहीवार पत्रकार सम्मेलन गरी परवानीपुर खेलमैदानमा प्रतियोगिता आयोजना हुने आयोजक शक्ति युवा क्लब र परवानीपुर युथ क्लबले जानकारी गराएका छन् ।

दुवै क्लबको संयुक्त आयोजनामा हुन गइरहेको गोल्डकपको आर्थिक भार त्रिशक्ति सिमेन्टले बेहोर्ने भएको छ। प्रतियोगितामा प्रदेश २ का ८ जिल्लाका ६ वटा, सशस्त्र प्रहरी २ नं वाहिनी र हेटौंडा फूटबल एकेडेमी गरी आठवटा टीम सहभागी हुने आयोजक समितिका अध्यक्ष सुबोधकुमार श्रीवास्तवले बताए।

प्रतियोगितामा १० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । प्रथम विजेतालाई १ लाख, उपविजेतालाई ५० हजार रुपैयाँसहित शिल्ड, मेडल, प्रमाणपत्र प्रदान गरिनेछ ।

प्रतियोगिता आयोजकले कोरोना सङ्क्रमणलाई मध्यनजर गर्दै स्वास्थ्य तथा सुरक्षा मापदण्ड अपनाएर दर्शकहरूलाई खेल हेरिदिन आग्रह गरेको छ ।

# नेपालद्वारा मलेसिया पराजित

काठमाडौं, ९ वैशाख/रासस

नेपालले मलेसियालाई पराजित गर्दै त्रिकोणात्मक टी–ट्वान्टी क्रिकेट सिरिजको फाइनलमा प्रवेश गरेको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बिहीवार भएको अन्तिम लिग खेलमा नेपालले मलेसियालाई ६९ रनअन्तरले पराजित गरी शीर्ष स्थानमा रहँदै फाइनलमा पुगेको हो । नेपालले दिएको २१८ रनको लक्ष्यसहित जवाफी ब्याटिङमा उत्रेको मलेसियाले १९ दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै १४८ रनमा समेटियो ।

मलेसियाका अमिनुद्दीन राम्लीले १८ बलमा ५ छक्का र १ चौकासहित सर्वाधिक ४१ रनको योगदान दिए। त्यस्तै, कप्तान अहमद फाइजले ३१, विरनदीप सिंहले १३, फ्रिटी सामले १४ तथा मोहम्मद वाफिकले १२ रन बनाए।

बलिङतर्फ नेपालका कमलसिंह ऐरी, सन्दीप लामिछाने र सोमपाल कामीले समान तीन/तीन विकेट लिए भने सुसन भारीले एक विकेट लिए। यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले ७ विकेटको क्षतिमा २१७ रन बनाएको थियो।

नेपालका लागि करण केसीले सर्वाधिक ४५ रनको योगदान दिए। आसिफ शेखले ४२ रन जोड्दा कप्तान ज्ञानेन्द्र मल्लले ४१ रन बनाए । त्यस्तै, दीपेन्द्रसिंह ऐरीले ३३, कुशल मल्लले १९, कुशल भुर्तेलले १६ तथा विनोद भण्डारीले ८ रन जोडे ।

बलिङतर्फ मलेसियाका फ्रिटी साम, अनवार रहमान र सैद अजिजले २/२ विकेट लिए। नेपालले ४ खेलमा ३ जीत र १ मा हारसहित ६ अङ्क जोड्दै लिगको शीर्ष स्थानमा रह्यो । नेपालले पहिलो खेलमा नेदरल्यान्ड्स र दोस्रो खेलमा मलेसियालाई ९–९ विकेटले हराएको थियो। नेदरल्यान्ड्सँग दोस्रो खेलमा ३ विकेटले पराजित भएको थियो।

त्यसैगरी, नेदरल्यान्ड्स ४ खेलमा २ मा जीत, १ मा हार र १ मा बराबरीका साथ ५ अङ्कका साथ दोस्रो स्थानमा रह्यो। मलेसिया ४ खेलमा ३ हार र १ मा बराबरीका साथ १ अङ्क जोड्दै पुछारमा रह्यो । अब नेपाल र नेदरल्यान्ड्सबीचको फाइनल खेल शनिवार हुनेछ ।

# रक्सौल बजार सप्ताहमा दुई दिन बन्द रहने

राजेश केशरीवाल, रक्सौल, ९ वैशाख/

रक्सौल चेम्बर अफ कमर्सले बढ्दो कोरोना सङ्क्रमणलाई रोक्न सप्ताहमा दुई दिन बजार बन्द गर्ने निर्णय गरेको छ ।

रक्सौलका भाजपा विधायक प्रमोद सिन्हाको अध्यक्षतामा सम्पन्न बैठकमा एसडिओ आरती कुमारीको आग्रहमा सप्तालमा सोमवार र मङ्गलवार दुई दिन बजार बन्द गर्ने निर्णय गरिएको चेम्बर अफ कमर्सले जानकारी गराएको छ ।

सम्पन्न बैठकमा शिवपूजनप्रसाद, राजु गुप्ता, अरुण गुप्ता, राजकुमार गुप्तालगायतको सहभागिता थियो ।

# वीरगंज हेल्थकेयरद्वारा आक्सिजन सहयोग

प्रस, वीरगंज, ९ वैशाख/

नारायणी अस्पतालमा आक्सिजनको विपद् व्यवस्थापन केन्द्रको निर्णयबमोजिम महानगरपालिकालाई १५०



वीरगंज हेल्थकेयरले वीमनपालाई उपलब्ध गराएको आक्सिजन। तस्वीरः प्रतीक

अभाव भएपछि वीरगंज हेल्थकेयर अस्पतालले वीरगंज महानगरपालिकालाई आक्सिजन उपलब्ध गराएको छ । थान ठूलो आक्सिजन सहयोग गरेको वीरगंज हेल्थकेयरका सञ्चालक डा अबुलेश अन्सारीले बताए ।

# मास्क नलगाउनेलाई जरिवाना, सचेतना

प्रस, रौतहट, ९ वैशाख/

रौतहट जिल्लामा पनि मास्क नलगाउनेलाई जरिवाना र सचेतना गर्ने कार्य शुरू भएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटले मातहतका प्रहरी चौकीहरूमार्फत मास्क नलगाउनेहरूलाई जरिवाना गर्ने र एक घण्टा सचेतना गरी छाड्ने गरिरहेको बताएको छ । दैनिक ५० जनाभन्दा बढीलाई जरिवाना र करीब एक हजारजनालाई सचेतना गराएर छाड्ने गरिएको जिप्रका रौतहटले जनाएको छ। पछिल्लो चरणमा कोरोना सङ्क्रमितको सङ्ख्या वृद्धि भएपछि पर्सा र बाराझैं रौतहटमा पनि मास्क नलगाउनेलाई जरिवाना गर्न शुरू भएको हो ।

# पत्नीको हत्या गरी पति फरार

प्रस, जीतपुर, ९ वैशाख/

जीतपुरसिमरा उपमहानगरपालिका–३ छिमेकी बैंक टोलमा एकजना महिलाको हत्या भएको छ ।

स्थानीय ५० वर्षीया पार्वती कार्कीको हत्या भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

प्रारम्भिक अनुसन्धानबाट पतिले हत्या गरेको बारा प्रहरीले दाबी गरेको छ। मदिरासेवन गरेर घर आउँदा कार्की दम्पतीबीच दिनहुँजसो झगडा हुने गरेको उनीहरूका छोराछोरीले प्रहरीमा बयान दिएका छन् ।

बुधवार राति पनि कार्की दम्पतीबीच झगडा भएको थियो। छोराछोरी तल्लो कोठामा र कार्की दम्पती माथिल्लो तल्लामा बस्दै आएका थिए। आज बिहान माथिल्लो तल्लामा पुग्दा आमा मृत अवस्थामा देखेपछि उनका छोराले प्रहरीमा खबर गरेका थिए ।

पार्वतीको निधार र टाउकोमा चोट देखिएको छ। सो चोट मदिरासेवन गरी घर आएपछि पतिले दिएको अनुमान गरिंदैछ ।

घटनास्थलमा इँटा देखिएकोले आक्रोशमा आएर प्रहार गरिएको र मृत्यु भएको हुन सक्ने अनुमान गरिएको छ । बारा प्रहरीका प्रवक्ता गौतम मिश्रले अनुसन्धान भइरहेको र पति फरार रहेकोले अहिले यही भएको भनेर भन्न नसकिने बताए । उनले अनुसन्धानबाट खुलेपछि जानकारी गराउने बताए ।

**गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौं ।**

- सलाई, लाइटर जस्ता आगो बाल्ने सामग्रीहरू बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय–समयमा निरीक्षण गरौं ।
- चुरोट, बिंडीजस्ता वस्तुहरू प्रयोगपश्चात् जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजेल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्निनियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीका घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरू चालू अवस्थामा राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग